प्रदेश सरकार
भूमि व्यवस्था,कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, कास्की

गण्डकी प्रदेश, नेपाल

फोन नः०६१-४६१२५०
ईमेलःakckashki@gmail.com
वेवसाईट : kaski.akc.gov.np

पत्र संख्याः २०७९/८०
सुचना नं. २

मितिः २०७९/०४/२९

## कार्यक्रम सञ्चालनका लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना ।

कृषि ज्ञान केन्द्र, कास्की, आ.व.२०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक कास्की जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषक समुह तथा सहकारी संस्थाले मिति २०७९/०६/०२ गते आईतबार भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन संम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ

तपसिलः

क. **कृषक कृषि फर्म कृषि कम्पनी कृषि सँग सम्वन्धित समुह तथा सहकारी संस्थाले प्रस्ताव गर्न मिल्ने कार्यक्रमहरुको विवरण**

| क्र.स | कार्यक्रमको नाम | अधिकतम अनुदानको सहयोग | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | वाझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम | प्रति रोपनी रु. ५०००/- अनुदान उपलब्ध गराईनेछ । | ५ हे. | ५०० | विविध कारणले कम्तिमा ३ वर्ष देखि बाँझो रहेको, न्यूनतम ३ रोपनी क्षेत्रफलमा खेती गरिएको हुनु पर्ने । |
| २. | क्षेत्रफलको आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम | खुल्ला जमिनमा तरकारी खेति गर्ने कृषि फर्मले प्रति रोपनी रु. ३,०००/- र प्लाष्टिक घर भित्र खेती गर्ने कृषि फर्मले १०० वर्ग मिटरमा रु ३,०००/- | ५ हे. | ३०० | कम्तीमा २ रोपनी वा प्लाष्टिक घर भित्र कम्तीमा २०० वर्ग मिटर क्षेत्रफलमा वार्षिक कम्तीमा २ सिजन तरकारी खेति गरेको हुनुपर्ने छ । |
| ३. | वालीको विमा शुल्कमा अनुदान कार्यक्रम | कुल विमा शूल्कको अधिकतम २५% | २ पटक | ७०० | आ.व. २०७९/८० मा कृषि सम्वन्धि विमा गरेका आवेदकहरुले आवेदन पेश गर्न सक्नेछन् । पहिलो आवेदन पेश गर्ने आवेदकलाई प्राथमिकता दिईनेछ । |
| ४. | फलफूल नर्सरी तथा स्रोत केन्द्र स्थापना | कुल लागतको बढिमा ५०% | १ वटा | ५०० | फलफूल तरकारी तथा नगदेवाली बीरुवाको नर्सरी श्रोत केन्द्र स्थापना सम्बन्धी कार्यक्रम संचालन मापदण्ड-२०७७ वमोजिम हुनुपर्ने। । |
| ५. | साना व्यवसायिक फर्म स्थापना र विस्तार कार्यक्रम | कुल लागतको ५०% सम्म अनुदान | ५० वटा | १०००० | तरकारी/ पुष्प खेती- कम्तीमा ५ रो खुल्ला जमिनमा र २०० व.मि संरक्षित संरचनाभित्र खेती गरेको हुनुपर्ने फलफूल वालीमा कम्तीमा १० रो., च्याउ खेती- कन्ये/ गोब्रे च्याउ कम्तीमा १००० वर्गफिट क्षेत्रफलमा डोम हाउस, कम्तिमा ५०० मुढामा सिताके च्याउको व्यवसायिक खेती गर्नुपर्ने<br>मौरीपालन- कम्तीमा ३० मौरी गोला सहितको घारमा व्यवसायिक मौरीपालन गरेको हुनुपर्ने । |
| ६. | मसला वाली विकास कार्यक्रम | कुल लागतको ५०% सम्म अनुदान, ( आवश्यक पर्ने वीउ/वेर्ना, मल्चीङ्ग, नर्सरी व्यवस्थापन तथा विषादी लगायतका उत्पादन सामाग्रीहरु खरिद) | ५ हे | ५०० | अदुवा, वेसार, लसुन, प्याज, खुर्सानी बालिमा कम्तीमा १० रो. जग्गामा व्यवसाय गरेको हुनुपर्नेछ। |

प्रमुख प्रशासकीय अधिकारी
प्रमुख
(अधिकृत स्तर नवौं)